सत्य र निष्पक्ष आवाज
# टुडेखोज
www.todaykhoj.com
राष्ट्रिय दैनिक

अल्लू अर्जुनको 'पुष्पा २'ले पाँच दिनमा कति कमायो ? | पृष्ठ ३ मा



बर्ष : ०४, अंक : १४३ पृष्ठ : ४ २०८१ मंसिर २६ गते बुधबार (Wednesday 11 Dec. 2024) मूल्य रु. ५ ।- इमेल : todaykhoj@gmail.com

## गुल्शन झाले फर्म भेटे, भुर्तेलले भेटेनन्

**काठमाडौं** । नेपाल प्रिमियर लिग (एनपीएल)को अक्सनमा फ्रेन्चाइजहरुले सबैभन्दा आँखा गाडेका खेलाडी थिए गुल्शन झा । गोलाप्रथाबाट आफ्नो भागमा परेपछि कर्णाली याक्सको क्याम्पले सेलिब्रेसन नै गरेको थियो ।

झा नेपाली राष्ट्रिय टीमका एक खम्बा हुन् । तल्लो क्रममा आएर ठूल्ठूला शट हान्दै उनले धेरै पटक टीमलाई जितसम्म पुऱ्याएका छन् । साथै मिडियम पेस बलिङ पनि फ्याक्ने गर्छन् । टी- २० मा यस्ता अलराउन्ड खेलाडीको धेरै उपयोगिता हुन्छ । नेपालमा एनपीएलको अक्सन हुने बेला नेपाली राष्ट्रिय टीम क्यानाडा र अमेरिकाको भ्रमणमा थियो । राष्ट्रिय टीमले ब्याटिङमा अपेक्षित प्रदर्शन गर्न नसक्दा गुल्शनको ब्याट भने राम्रैसँग चलेको थियो । त्यही भएर उनी अक्सनमा सर्वाधिक डिमान्डेड बनेका हुन् ।

जारी एनपीएलमा भने गुल्शनले सोचे जस्तो प्रदर्शन गर्न सकिरहेका थिएनन् । न ब्याटिङमा न त बलिङमा । पहिलो खेलमा जनकपुर





बोल्ट्सविरुद्ध उनले टीमका लागि सर्वाधिक ३६ रन जोडे । २७ बलको सामना गरेका उनले ३ छक्का र एक चौका प्रहार गरेका थिए । उक्त खेलमा कर्णाली पराजित भयो । त्यसपछिका तीन खेलमा गुल्शनको स्कोर रह्यो- १२, ०८ र ० । यस्तै अघिल्ला तीन खेलमा बलिङ गर्दा ५६ रन खर्चिएर १ विकेटमात्रै लिन सके । यो प्रदर्शन उनको 'फेस भ्यालु' अनुसार थिएन ।

मंगलबारको खेलमा भने गुल्शन आफ्नो परिचित अन्दाजमा फर्किन सफल भएका छन् । 'लो स्कोरिङ' म्याचमा उनले अविजित ४९ रन बनाउँदै टीमलाई जितसम्म दोहोऱ्याए । गुल्शनको इनिङ बडो विचित्रको रह्यो । ३.४ ओभरमा चौथो नम्बरमा ब्याटिङमा आएका थिए गुल्शन, जतिबेला कर्णालीले १४ रनमा दुई विकेट गुमाएको थियो । लक्ष्य ठूलो नभएकाले गुल्शनले सम्हालिएर खेल्ने प्रयास गरे । सुरुमा उनलाई रन बनाउन निकै संघर्ष गर्नुपरेको थियो ।

उनले सुरुका २० बल खेल्दासम्म जम्मा ४ रन जोडेका थिए । टी- २० मा यस्तो आँकडा आश्चर्यजनक हो । यद्यपि अर्को इन्डबाट चाडविक वाल्टनले आक्रामक खेलिरहेकाले उनलाई प्रेसर भएन । २१ बल खेल्दा ६ रन बनाएर संघर्ष गरिरहेका गुल्शनले त्यसपछि भने हात खोले । १२औं ओभरको तेस्रो र चौथो बलमा लगातार चौका र छक्का हान्दै उनले आफू मुडमा आएको सन्देश दिए । त्यही ओभरको अन्तिम बलमा वाल्टन ४२ रन बनाएर आउट भए, तर त्यसबेलासम्म कर्णाली सहज अवस्थामा पुगिसकेको थियो ।

१४ औं ओभरमा गुल्शनले स्पिनर सागर ढकाललाई दुई छक्का र एक चौकासहित २१ रन जोड्दै कर्णालीलाई जित नजिक पुऱ्याए । १५औं ओभरको अन्तिम बलमा विजयी छक्का प्रहार गरे । उनी पहिलो अर्धशतक बनाउनबाट एक रनले चुके ।

पहिलो २१ बलमा ६ रन बनाएका गुल्शनले त्यसपछिका १६ बलमा ४३ रन जोडेका थिए । उनी पहिलो गियरबाट चौथो गियरमा पुगे ।

टी- २० मा ब्याटरले कसरी गियर बदल्नसक्छ भन्ने नमुना देखाए । अब कुरा गरौं कुशल भुर्तेलको । पोखरा एभेन्जर्सका कप्तान तथा मार्की प्लेयर भुर्तेलको ब्याट एनपीएलमा अहिलेसम्म मौनव्रत बसिरहेको छ । उनले ब्याटिङ गरेका खेलमा कुल १६ रन बनाएका छन्, जुन निराशाजनक अंक हो ।

चितवन राइनोजविरुद्धको पहिलो खेलमा पोखराका लागि ओपनिङ गरेका भुर्तेल डकआउट भएका थिए । त्यसपछि उनको लय भंग भइरहेको छ । दोस्रो म्याचमा उनले आफूलाई तेस्रो नम्बरमा झारे, तर ६ रनमै आउट भए । तेस्रोमा उनी ब्याटिङमा उत्रिनु परेन । आजको चौथो खेलमा उनी १० रन बनाएर पेभिलियन फर्किए ।

कर्णालीविरुद्ध पोखराले विस्फोटक ओपनिङ गरेको थियो । ओपनिङ जोडी एन्ड्रिज गोउस र दिनेश खरेलले ३.५ ओभरमा ४६ रन बनाउँदै बलियो आधारशीला खडा गरेका थिए, तर ओपनिङ साझेदारी टुटेसँगै पोखराको ब्याटिङ तितरबितर भयो । थप ५७ रन जोड्दा पोखराले १० विकेट गुमायो । ४६-० मा शौचालय गएको दर्शक फर्किंदाखेरि टीम १०३ रनमा अलआउट हुन पुगेको थियो ।

अस्ट्रेलियन स्पिनर विलियम बोसिस्टोले पोखराको ब्याटिङ धराशायी बनाइदिए । दसौं ओभरमा कुशलले बोसिस्टोलाई लङ अनमा सुन्दर

- बाँकी पृष्ठ ३ मा

विज्ञापनका लागि सिधा सम्पर्क गर्नुहोस् ।

सत्य र निष्पक्ष आवाज
टुडेखोज
राष्ट्रिय दैनिक
www.todaykhoj.com

सम्पर्क मोवाइल नम्बर :
९८०२८३४८३४, ९८०७७००२८२२९८५२८३४८३४
todaykhoj@gmail.com

## जनकपुर बोल्ट्सको टोलीलाई गोल्ड पार्टनर टेक्नोले चीन भ्रमणमा लैजाने



**जनकपुर** बोल्टस्को गोल्ड पार्टनर टेक्नोले पूरै टोलीलाई चीन भ्रमणमा लैजाने योजना बनाएको छ । नेपाल प्रिमियर लिग (एनपीएल)मा अब्बल प्रदर्शन गरिरहेको टोलीलाई अझ हौसला भर्न यस्तो योजना बनाएको कम्पनीले जनाएको छ ।

आइतबार लुम्बिनी लायन्सविरुद्ध १ रनको रोमाञ्चक जितपछि टेक्नोले यस्तो घोषणा गरेको थियो । कम्पनीका अनुसार जितको उत्साहलाई अझै उच्च बनाउँदै टिमका लागि चीनको रोमाञ्चक यात्राको योजना बनाइएको छ ।

टेक्नोले जनकपुर बोल्टससँगै विभिन्न अवरोधहरु सामना गरी अवसरहरुको सिर्जना गर्ने र क्रिकेटसँगै च्याम्पियनहरूको अर्को पुस्तालाई सशक्त बनाउने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।

## गहुँखेतीका लागि डीएपी मल अभाव



**सिरहा** । सिरहा, धनुषा र महोत्तरीसहित मधेशका जिल्लामा गहुँखेतीका लागि डीएपी मल अभाव भएको छ । कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड जनकपुरधामको कार्यालयमा मौज्दात डीएपी मल खपत भइसकेको छ । दुवै कार्यालयबाट पहिलो चरणमा प्राप्त डिएपी मल बिक्री भइसकेको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरका निमित्त प्रमुख वेचनकुमार साहले जानकारी दिए ।

पहिलो चरणमा धनुषामा सात सय ५४ मेट्रिकटन तथा महोत्तरीमा सात सय १६ मेट्रिकटन डिएपी मल बिक्री भइसकेको छ । कृषि ज्ञान केन्द्र र स्थानीय तहको सिफारिसमा उक्त मल सहकारी संस्थाहरु मार्फत किसानलाई बिक्री गरिसकेको निमित्त प्रमुख साहले बताए ।

हाल यी दुई जिल्लामा गहुँखेतीका लागि थप पाँच हजार मेट्रिकटन डिएपी मल आवश्यक रहेको जनाइएको छ । थप डीएपी मल माग गरिएपनि प्राप्त नभएको प्रमुख साहले बताए । अन्तर्राष्ट्रियस्तरमा डलरको मूल्य बढेकाले ठेकेदार कम्पनीले ढुवानी गर्न नसक्दा मल अभाव भएको उनको भनाई छ ।

साल्ट ट्रेडिङ कर्पोरेशन जनकपुरमा पनि डिएपी मल मौज्दात नरहेको कार्यालय प्रमुख शुभनारायण साहले जानकारी दिए । उनले भने "हामीसँग युरिया मल मौज्दात छ, तर डिएपी छैन ।" ती दुवै जिल्लाका किसानलाई कृषि सामग्री कम्पनी लिमिटेडले ७० प्रतिशत र साल्ट ट्रेडिङ कर्पोरेशनले ३० प्रतिशत मल बिक्री वितरण गर्दै आएको छ ।

धनुषामा ३३ हजार पाँचसय हेक्टर जमिनमा गहुँखेती हुँदै आएको छ । उक्त क्षेत्रफलमा भएको खेतीबाट एक लाख पाँच सय मेट्रिकटन गहुँ उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र धनुषाका सूचना अधिकारी प्रदीप यादवले बताए ।

# लगानीयोग्य रकमले थिचिए बैंक

## सरकारलाई सस्तो ब्याजको पैसा परियोजनामा खर्चिने मौका

**काठमाडौं ।** बैंक तथा वित्तीय संस्थाबाट गत बुधबार ५० अर्ब तानेको राष्ट्र बैंकले ८ दिनको अन्तरमा आइतबार फेरि ७० अर्ब रुपैयाँ खिच्यो । पछिल्लो दुई महिनायता केन्द्रीय बैंकले निरन्तर बैंक तथा वित्तीय संस्थाबाट यसरी अर्बौं रकम तानिरहेको छ । बैंक तथा वित्तीय संस्थाहरुमा कर्जायोग्य लगानीबापतको रकमको सञ्चिति बढ्न थालेपछि तरलता व्यवस्थापनका निम्ति राष्ट्र बैंकले उक्त रकम कम ब्याजदरमा खिच्दै आएको छ ।

पछिल्लो डेढ महिनायता केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाहरुबाट ४ खर्ब १० अर्ब रुपैयाँ तानिसकेको छ । केन्द्रीय बैंकले हालसम्म २९औं पटक तलरता प्रशोचन गरिसकेको छ । बैंक तथा वित्तीय संस्थाहरुसँग भएको तरलता विभिन्न १२ वटा निक्षेपको शीर्षकमा राष्ट्र बैंकले खिच्ने गर्छ । तरलताको अवस्था हेरेर ७ दिन, २ दिन, १४, १३, २०, १५, २१, २९, ३०, ६० र ९० दिनका लागि निक्षेप संकलन गर्ने गर्छ । पछिल्लो समय भने बैंकले २१ दिने निक्षेप संकलन गर्दै आएको छ ।

यसरी बैंकले २९औं पटक मौद्रिक औजार प्रयोग गरी बैंक तथा वित्तीय संस्थाहरुबाट १५ खर्ब ८५ अर्ब रुपैयाँ तरलता प्रशोचन गरेको छ । प्रशोचन गरिएको तरलता राष्ट्र बैंकको शर्तअनुसार परिपक्व भएपछि बजारमा पठाउने गर्छ । हाल प्रशोचित ३ खर्ब ६१ अर्ब रुपैयाँ तरलता राष्ट्र बैंकमा छ । यो रकम बैंक तथा वित्तीय संस्थाहरुले औसतमा २.८ प्रतिशत ब्याजमा केन्द्रीय बैंकको निक्षेपमा लगानी गरेका हुन् । यस्तै तरलता सम्पत्ति बढ्दै जाँदा अन्तरबैंक ब्याजदर पनि ३ प्रतिशतमा पुगेको छ ।

अहिले बैंक तथा वित्तीय संस्थाहरुले न्यूनतम ६.१५ प्रतिशत आधारदरमै कर्जा प्रवाह गर्दै आएका छन् भने निक्षेपको ब्याजदर घटाएर ३ प्रतिशतमा झारेका छन् । कर्जाको ब्याजदर पनि एकल अंकमा आइपुगेको छ । औसतमा ७.२ प्रतिशत आधारदरमा बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्दै आए पनि ऋणको प्रवाह अपेक्षित देखिँदैन । ऋण प्रवाह पर्याप्त हुन नसकेपछि बैंक तथा वित्तीय संस्थाहरुले आफूले दिने निक्षेपको ब्याजभन्दा कम ब्याजमा केन्द्रीय बैंकमा निक्षेप राखेका हुन् । कर्जा प्रवाह खस्किन थालेपछि बैंक तथा वित्तीय संस्थाहरुको कर्जा निक्षेप अनुपात दर (सीडी रेसियो) ७८.६१ प्रतिशतमा आइपुगेको छ ।

# रविमाथि अनुसन्धान कि प्रतिशोध ?

## विपक्षीदेखि सत्तारुढ नेताहरूले नै गर्न थाले आलोचना




**रवि सञ्चालक तथा प्रबन्ध निर्देशक रहेको गोर्खा मिडियामा सहकारीको रकम ल्याइएको थियो । जसका आधारमा पैसा ल्याइएको सहकारी रहेको विभिन्न जिल्लामा अनुसन्धानका लागि लगिएको छ । तर, विपक्षी नेताहरूले यसलाई प्रतिशोधको रूपमा व्याख्या गर्दै सरकारमाथि प्रहार गरिरहेका छन् ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई प्रहरीले हिरासतमा राखेर गरेको व्यवहारप्रति विपक्षी मात्र होइन, सत्तारुढ दलकै नेताहरूले असन्तुष्टि जनाउन थालेका छन् । सरकारी पक्षले अनुसन्धानलाई प्रभावित पार्ने गरी गतिविधि नगर्न आग्रह गरिरहँदा अनुसन्धानका नाममा सरकारले हिरासतको बसाई लम्ब्याएको भन्दै आलोचना बढेको हो ।

रवि सहकारीको रकम दुरुपयोग र ठगीको आरोपमा पक्राउ परेका हुन् । उनी सञ्चालक तथा प्रबन्ध निर्देशक रहेको गोर्खा मिडियामा सहकारीको रकम ल्याइएको थियो । जसका आधारमा पैसा ल्याइएको सहकारी रहेको विभिन्न जिल्लामा अनुसन्धानका लागि लगिएको छ । तर, अनुसन्धानको नाममा हिरासतको बसाइ लम्ब्याइएको भन्दै यो विषयलाई राजनीतिकरण गर्ने प्रयास भइरहेको छ । विपक्षी नेताहरूले यसलाई प्रतिशोधको रूपमा व्याख्या गर्दै सरकारमाथि प्रहार गरिरहेका छन् । रविलाई पोखरा, भैरहवा, काठमाडौं, चितवन र वीरगन्ज पुर्‍याएर प्रहरीले अनुसन्धान गरिरहेको छ । यसैक्रममा उनलाई चितवनबाट पोखरा लैजाने क्रममा प्रहरीले गरेको व्यवहार तथा अनुसन्धानका नाममा सरकारले हिरासतको बसाई लम्ब्याएको भन्दै दलका नेताहरूले आपत्ति जनाउन थालेका छन् । पूर्वप्रधानमन्त्री समेत रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेसपा नयाँ शक्तिका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र राप्रपाका नेता ज्ञानेन्द्र शाहीले रविको पक्षमा बोलेका छन् । उनीहरु मात्र होइन सत्तारुढ दलकै नेता समेत रविको पक्षमा खुल्न थालेका छन् । कांग्रेस वरिष्ठ नेता शेखर कोइराला, कांग्रेस सांसद सुनिल शर्मा समेत रविलाई अन्याय भएको भन्दै सार्वजनिक रुपमा खुलेका छन् । प्रहरीले रविलाई मंसिर १९ गते राति चितवनमा अनुसन्धान सकेर पोखरा लगेको थियो । त्यसक्रममा प्रहरीको राति लगेको भन्दै व्यवहार अशोभनीय रहेको भन्दै रास्वपाले आपत्ति जनाउँदै विरोध गरिरहेको छ । त्यही भनाइलाई विपक्षी दलहरू तथा सत्तारुढ दलकै केही नेताहरूले साथ दिएका हुन् ।

**सरकार तर्सियो : प्रचण्ड**

माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार चितवनमा आयोजित विरोध सभालाई सम्बोधन गर्दै रविबाट सरकार र सत्तारुढ दलहरू तर्सिएको टिप्पणी गरे । 'देशको चौथो दलको नेता भागेर विदेश जाने स्थिति छैन । मैले सरकार र सरकारवादी नेताहरूलाई भनेको छु, किन हिरासतमा राख्नुपर्‍यो ? छाडेर जेजे अनुसन्धान गरे पनि भइहाल्यो नि !', पूर्व प्रधानमन्त्री प्रचण्डले भने, 'रविजीले अदालतलाई सघाउँछु भनिराख्नुभएकै छ । रवि लामिछानेसँग कांग्रेस र एमाले किन तर्सिनपर्‍यो ?'

उनले सरकारले ज्यादतीविरुद्ध संसदको विशेष अधिवेशन बोलाएर त्यहाँबाट पनि विरोध जनाउन सकिने बताए । यसअघि सोमबार प्रचण्डले सामाजिक सञ्जालमा रविमाथि सरकारले अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरेको टिप्पणी गरेका थिए ।

बाबुरामको ऐक्यबद्धता

यसअघि नेसपा नयाँ शक्तिका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई त गत शुक्रबार रविलाई भेट्न पोखरा गएका थिए । रविसँगको भेटपछि भट्टराईले लामिछानेमाथि प्रतिशोधपूर्ण व्यवहार गरेको टिप्पणी गरेका थिए । 'रवि लामिछानेलाई विभिन्न ढङ्गले एकपछि अर्को गरेर दुःख दिने काम भइरहेको छ, यो अति अस्वाभाविक र अन्यायपूर्ण भो भनेर नै मैले आफ्नो ऐक्यबद्धता जनाउन यहाँ आएको हो', भट्टराईले भनेका थिए ।

**ज्ञानेन्द्र शाही र अन्य नेताको समर्थन**

राप्रपाका नेता ज्ञानेन्द्र शाहीले पनि पोखरा प्रहरी हिरासतमै गएर रविलाई भेटेका थिए । भट्टराईपछि राप्रपाका सांसद ज्ञानेन्द्र शाही शनिबार रविलाई भेट्न गएका थिए । राज्यका तर्फबाट चितवन प्रहरीले रविलाई अमानवीय व्यवहार गर्नुका

...बाँकी ४ पृष्ठमा

कला खोज

# अल्लू अर्जुनको 'पुष्पा २'ले पाँच दिनमा कति कमायो ?



**दक्षिण** भारतीय अभिनेता अल्लू अर्जुन अभिनीत फिल्म 'पुष्पा २' ले बक्स अफिसमा नयाँ-नयाँ रेकर्ड बनाइरहेको छ । पाँच दिनमा फिल्मले भारतीय बक्स अफिसमा ५९३ करोड भारू कमाएको छ भने विश्वव्यापी रूपमा ९०० करोड भारू कमाएको छ । सुकुमार बान्द्रेडीको लेखन तथा निर्देशन रहेको फिल्ममा अल्लु अर्जुनसहित रश्मिका मन्दना, फरद फासिल, जगपति बाबु, धनुञ्जय, राव रमेश, सुनील लगायतको अभिनय छ। नवीन येनेनी र रविशंकर यममाञ्चिली फिल्मका निर्माता हुन् । एक्सन, क्राइम र ड्रामा जनराको यो फिल्मको रनटाइम ३ घण्टा २१ मिनेटको रहेको छ ।

## राशिफल — तपाईको आज

Copyrights (c) Horoscope By Raghav Lohani

| | | | |
|---|---|---|---|
| मेष | महत्वपूर्ण कामको थालनी हुनेछ। परि श्रमअनुसार उपलब्धि पाइएला। | तुला | सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। लक्ष्मी प्रसन्न हुने योग पनि छ। |
| वृष | व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा हुनेछ । | वृश्चिक | नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । धैर्यताले अवसर दिलाउनेछ । |
| मिथुन | आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । | धनु | चलाखीपूर्ण संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| कर्कट | लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुनेछन् । | मकर | नयाँ योजना शुभारम्भ गर्ने समय छ। यात्राको साइत जुर्न सक्छ । |
| सिंह | न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारबाट धनलाभ पनि राम्रै हुनेछ । | कुम्भ | आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । |
| कन्या | आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । | मीन | आज धर्म, कर्म तथा समाजसेवामा मन लाग्नेछ । |

# राजा वीरेन्द्रका ज्वाइँ गोरख राणा बने स्टान्डर्ड चार्टर्ड बैंकको पहिलो नेपाली सीईओ



काठमाडौं । स्टयान्डर्ड चार्टर्ड बैंक नेपालको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा पहिलोपटक नेपाली नियुक्त भएका छन् ।

सोमबार साँझ बसेको बैंक सञ्चालक समितिको बैठकले यसअघि नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सीईओ) रहेका गोरखशमशेर राणालाई बैंकको सीईओमा नियुक्त गरेको हो ।

राणा स्टयान्डर्ड चार्टर्ड बैंकमा सीईओ बन्ने पहिलो नेपाली हुन् । यसअघि बैंकको सीईओमा विदेशी बैंकर अनिर्भान घोष दस्तिदार थिए । उनको कार्यकाल सकिएपछि राणालाई सीईओमा नियुक्त गरिएको हो । राणालाई जनवरी १ बाट लागू हुने गरी ४ वर्षे कार्यकालका लागि बैंकको सीईओमा नियुक्त गरिएको हो । बैंकिङ करिअर नै स्टयान्डर्ड चार्टर्डबाट सुरु गरेका राणा सन् १९९६ देखि बैंकका विभिन्न विभाग सम्हाल्दै आएका थिए ।

राणा स्वर्गीय राजा वीरेन्द्र शाहका ज्वाइँ अर्थात् वीरेन्द्रकी छोरी श्रुति शाहका श्रीमान् हुन् । श्रुतिले २०५८ जेठ १९ मा भएको नारायणहिटी दरबार हत्याकाण्डमा ज्यान गुमाएकी थिइन् । त्यस घटनामा राजा वीरेन्द्र र रानी ऐश्वर्यसहित ११ जना मारिएका थिए । राणाले अमेरिकाबाट एमबीए गरेका छन् ।

# दुर्घटनामा सिरहाकै आठ जनाको मृत्यु



सिरहा । रौतहटमा भएको स्कारपियो (जीप) दुर्घटनामा मृत्यु भएका आठै जनाको सनाखत भएको छ । मृत्यु हुनेमा सिरहाको अर्नामा नगरपालिका–३ बंठिया टोलका रामकुमारीदेवी महरा, रामकुमारी महरा, सकुन्तलादेवी महरा, उर्मिला महरा, लरुवतीदेवी महरा, महगीदेवी महरा, फुलमन्तीदेवी चमार र चालक श्रीकुमार यादव रहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिए । मृतकहरूको चन्द्रनिगाहपुर अस्पतालमा सनाखत गरिएको हो । दुर्घटनामा परेर चार जना घाइते भएका छन् ।

दुर्घटनामा घाइते भएका राधा राम, आर्यन राम, देवकुमारी महरा, रितिक महरा र कन्यादेवी महरालाई उपचारका लागि पर्साको वीरगञ्ज पठाइएको प्रहरीले जनाएको छ । बारामा गढीमाईको दर्शन गरेर सिराहा फर्कँदै गरेको बा१६च ३१६२ नम्बरको स्कारपियो रौतहटमा दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको हो ।

बारामा गढीमाईको दर्शन गरेर फर्किँदै गरेको जीप दुर्घटनामा परेको हो । प्रहरी नायब उपरीक्षक राईका अनुसार उक्त जीप अनियन्त्रित भई रुखमा ठोकिएपछि दुर्घटना भएको थियो ।


## औरही गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**औरही, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### पोखरी ठेक्का सम्बन्धी पाँचौ पटक प्रकाशित सूचना

*सूचना प्रकाशित मिति : २०८१/०८/२६ गते*

यस औरही गाउँपालिका, औरही सिरहा अन्तर्गतका देहाय अनुसारको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छ, सो अवस्थामा नै निम्न अनुसारको पोखरीहरुको हकमा आ.व. २०८१/०८२ को लागि चलनपूजी लिएको मितिदेखि तीन वर्षसम्म माछा उत्पादन गरि विक्री गर्न ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ठेक्का लिन चाहने ईच्छुक व्यक्ति/फर्महरुको लागि तोकिएको समय भित्र निम्न शर्तहरुको अधिनमा रही रित पूर्वक शीलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल :**

| सि.नं. | गा.पा.को वडा | वडा नं. | कित्ता | क्षेत्रफल | पोखरीको नाम | ठेक्काको सुरुको अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **औरहीको पोखरीहरु** | | | | | | | |
| १. | औरही ५ | ४ ख | १० | ०-१८-५ | महादेव मन्दिर पोखरी | ५,०६,५३१।२५ | |
| २. | औरही ५ | ५ ख | १२ | १-०८-१० | पक्का पोखरी | ८,४४,०६२।१८ | |
| ३. | औरही ५ | ६ ख | ३ | ०-१८-५ | ब्राहमणटोल पोखरी | ६,७५,०००।०० | |
| ४. | औरही ५ | ८ ख | १६ | १-८-५ | महासेठ पोखरी | ३,३७,९४२।१२ | |
| ५. | औरही ५ | ९ ख | २५ | १-०-१६ | डिहवार पोखरी | ४,६८,७५०।०० | |
| ६. | औरही ५ | ९ ख | | | गुरकाहा पोखरी | ६,१८,७५०।०० | |
| ७. | औरही ५ | ५ क | १ | १-१२-५ | दु:खी राईवाल पोखरी | २,२५,०००।०० | |
| **तुलसीपुरको पोखरीहरु** | | | | | | | |
| १. | औरही २ | २ | ९ | ०-१८-१८ | देवनाथ पोखरी | २,८१,२५००।०० | |
| २. | औरही २ | ७ | | | गंगा बाला पोखरी | २,३२,५००।०० | |
| **पिप्राको पोखरीहरु** | | | | | | | |
| १. | औरही ३ | ७ ख | ४७१ | ०-०३-०७ | खिर खिरिया पोखरी | १,१२,९१६।२५ | |
| २. | औरही ३ | ४ क | ३८ | ०-१६-१० | दाहुरः पोखरी ४ स्कुल | ६,७८,७५०।७५ | |

**नियम तथा शर्तहरु :**

१. दरभाउ पत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रु. १,०००।०० एक हजार पछि फिर्ता नहुने गरी बुझाई निवेदन दिई यस कार्यालयबाट खरिद गर्न सकिनेछ । खरिद बापतको रकम यस गाउँपालिकाको नाउँमा रहेको एन.एम.बि. बैंक शाखा कार्यालय, औरही सिरहामा आन्तरिक राजश्व खाता नं. ११२००७१०१९६०००२८ मा दाखिला गरेको भौचर पेश गर्नुपर्ने छ ।
२. दरभाउ पत्र दाताले कबुल गरेको अंक रकमको ५%, धरौटी वापत रकम एन.एम.बि बैंक औरही सिराहामा रहेको स्थानीय तह धरौटी खाता नं ११२००७१०१९६००११६ मा धरौटी नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी यस कार्यालयको नाममा जारी गरेको विड वण्ड जमानत पत्र दरभाउ-पत्र साथ संलग्न राख्नु पर्ने छ ।
३ खरिद भएको दरभाउ पत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजे भित्र कार्यालयको नाममा सम्बोधन गरी ठेक्का कामको विवरण शिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ ।
४. दार्ता भएको दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन १६ औं दिन दिनको २:०० बजे दरभाउ पत्र दाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५. दरभाउ पत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
६. रित नपुगेका तथा म्याद नाधी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
७ ठेक्का स्वीकृतको जानकारी जानकारी पाएपछि दरभाउ पत्र दाताले कबुल गरेको सम्पूर्ण रकम एकमुष्ट बुझाएपछि मात्र सम्झौता गराई ठेक्का भोगचन गर्न चलनपूर्जी दिईनेछ । यसरी कबोल गरेको अंक एकमुष्ट बुझाए वापत कबोल अंकको १० प्रतिशत सम्म छुट दिईनेछ । बैंक जमानतनको हकमा शर्त रहित (Un-Conditional) कार्य सम्पादन जमानत पत्र पेश गरेपछि मात्र भोग चलन गर्न चलनपुर्जी दिनेछ । बैंक जमानत पेश गर्नेको हकमा १०% छुट दिईने छैन साथै कबोल गरेको रकम तिन किस्तामा प्रत्येक वर्ष समाप्त हुनु भन्दा ७ सात दिन अगावै किस्ता बराबरको रकम यस कार्यालयमा बुझाउनु पर्ने छ ।
८. एक व्यक्तिको नाममा खरिद गरिएको दरभाउ पत्र फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन्
९. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयकमा निहित रहने छ ।
१०. यस गा.पा को पेश्की रकम तथा ठेक्का वापत गा.पा लाई बुझाउनु पर्ने बक्यौता रकम रहेको व्यक्ति तथा निज एकासगोलका परिवारका सदस्यलाई ठेक्का बन्दोवस्त गर्न दिईने छैन ।
११. सूचनामा उल्लेख नभएका कुरहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।
१२. यसमा कुनै संशोधन भएमा सो को जानकारी यस कार्यालयमा सूचना टाँस गरी जानकारी गराईने छ ।
१३. अन्य जानकारीको लागि कार्यालयको समय भित्र यस कार्यायमा सम्पर्क राखी बुझ्न सकिने छ ।


## गुल्शन....

छक्का हानेका थिए, तर यही ओभरको अन्तिम बलमा बोसिस्टोले आफ्नै बलमा कुशलको क्याच लिए । यो उनले लिएका ६ विकेटमध्ये पहिलो थियो ।

नेपाली राष्ट्रिय टीमका एक महत्वपूर्ण सदस्य हुन् भुर्तेल, जो सुरुमै आक्रामक सटहरु खेलेर टीमलाई राम्रो सुरुवात दिलाउने प्रयास गर्छन्, तर भुर्तेलको एनपीएल फर्म पोखरा एभेन्जर्सका लागि ठूलो चिन्ताको विषय बनिरहेको छ । अब पोखराले लिग चरणमा ३ वटा खेल खेल्न बाँकी छ । अहिलेसम्म ४ खेलमा ३ हार व्यहोरेको हुँदा प्ले-अफमा स्थान सुरक्षित गर्न पोखराले बाँकी खेलहरुमा उत्कृष्ट प्रदर्शन गर्नुपर्नेछ । त्यस निम्ति कप्तान भुर्तेलको फर्म अति महत्वपूर्ण छ ।

# पर्सामा सकियो रविको बयान, बुधबार पोखरा फर्काउने तयारी

**वीरगञ्ज ।** राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको पर्सामा बयान सकिएको छ । पर्साको जिल्ला सरकारी वकिल कार्यालयमा आज दिनभर रविको बयान भएको थियो ।

स्रोतका अनुसार रविले आफूलाई लगाइएका सहकारी ठगीको आरोप अस्वीकार गरेका छन् । उनलाई चार दर्जनभन्दा बढी प्रश्न सोधिएका थिए र रविले सबैको जवाफ दिए ।



रविलाई बिहान ९ बजे बयानका लागि लगिएको थियो । केहीबेर बयान लिएर खाना खुवाउन जिल्ला प्रहरी कार्यालय ल्याइयो । त्यसपछि फेरि सरकारी वकिल कार्यालय लगेर बयानलाई निरन्तरता दिइएको थियो ।

बेलुका ५ बजेतिर बयान सकिएको हो । अहिले उनलाई फेरि जिप्रकाको हिरासतमा राखिएको छ ।

रविलाई बयान लिँदै गर्दा रास्वपा समर्थकहरुले प्रदर्शन गरेका थिए । जिल्ला प्रहरी कार्यालय बाहिर रास्वपाका प्रदर्शनकारी र प्रहरीको केहीबेर घम्साघम्सी समेत भएको थियो । अहिले भने माहोल शान्त छ ।

रविलाई प्रहरीले भोलि पोखरा फर्काउने तयारी गरेको छ । बुधबार बिहानको उडानबाट काठमाडौं ल्याएर यहाँबाट फेरि पोखरा लगिने प्रहरी स्रोतले बतायो ।

रविले आजको बयानमा अधिकांश रेडिमेड र पुरानै प्रश्नहरु सोधिएको गुनासो गरेका छन् । रविलाई भेटेका रास्वपाका एक नेतासँग उनले आफू एउटै जवाफ दिँदादिँदा वाक्क भइसकेको सुनाएका थिए ।

## रविमाथि........

साथै प्रतिशोध साँधेको बताएका थिए । 'प्रतिशोध नभए अरू मान्छेलाई पनि थुन्नुपर्थ्यो । अरू पनि छन् सहकारीमा जोडिएका', शाहीले कास्की जिल्ला प्रहरी कार्यालय अगाडि उभिएर भनेका थिए, 'कानुनी राज्यको सबैले पालना गर्नुपर्छ', उनले भने, 'अहिले जुन हिरासतमा अमानवीय व्यवहार गरिएको छ । यो चाहिँ खेद प्रकट गर्छु ।'

**सत्तारुढ नेताहरूकै आपत्ति**

विपक्षी दलका नेताहरूले मात्र होइन सत्तारुढ कांग्रेस नेता डा. शेखर कोइराला र सांसद सुनिल शर्माले रविको विषयमा सरकारप्रतिको असन्तोष व्यक्त गरेका छन् । 'नेपाली कांग्रेस मानव अधिकार र लोकतन्त्रप्रति प्रतिबद्ध छ । रविजीको विषयमा अदालतले आफ्नो प्रक्रिया अघि बढाइरहेको छ । त्यसमा मेरो केही भन्नु छैन, तर राति १२ बजे उठाएर लैजाने भन्ने कुरा चाहिँ अमानवीय काम हो' उनले भनेका थिए ।

सांसद डा सुनिल शर्माले त आइतबार पत्रकार सम्मेलन गरी रविमाथि भएको व्यवहार लोकतन्त्रको मर्मविपरीत रहेको बताएका छन् । उनले भने, 'सरकारको यो रवैया न त कानुनी मान्यतासँग मेल खान्छ, न त मानवीय व्यवहारसँग । लोकतन्त्रमा प्रत्येक नागरिकलाई सम्मानपूर्वक व्यवहार गरिनुपर्छ । तर, रविजीमाथि हिरासतमा अमानवीय व्यवहार भएको छ ।'

उता सरकारले भने अनुसन्धानलाई प्रभावित पार्ने गरी गतिविधि नगर्न आग्रह गरिरहेको छ ।


कम्पनी दर्ता नं. : २०१२९२/०७५/०७६ इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८९/०७५/०७६

**स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.**

**SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

## स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता/भुक्तानी गर्न आउने वारेमा ३५(पैतिस) दिने सार्वजनिक सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१/०८/२६ गते

यस स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडवाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गतको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिदाको बखत तोकिएको भुक्तानी तालिका अनुसार कर्जाको तिर्नु पर्ने किस्ता/व्याज(साँवा व्याज) कर्जा लिदा कर्जा स्वीकृत पत्र अनुसार गर्नु भएको कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत कर्जा तिर्न आलटाल र वेवस्था गरी नियमित कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई बसेको हुनाले सो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस)दिन भित्रमा यस संस्थाको शाखा कार्यालयमा सर्म्पक राखी संस्थावाट लिएको कर्जाको सर्म्पूण साँवा,व्याज थप शुल्क तथा अन्य दस्तुर बुझाउन तथा चुक्ता गर्न आउनु होला । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ कैंकिङ्ग कसुर तथा सजाय सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०६४ बैंक तथा वित्तीय संस्थाको असुली ऐन २०५८ र सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीहरुको अन्य चल/अचल सम्पत्तिवाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरको लागी प्रचलित कानुन अनुसार मुद्धा दायर गरी असुल उपर गरीने तथा यस वित्तीय संस्थासंग भए गरेको लिखित अनुसार कर्जा सूचना केन्द्रको कालो सूचनामा राखी कारवाही गरिने व्यहोरा ऋणी, धन जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचना द्धारा जानकारी गराईन्छ ।

**तपसिल :**

| शाखा कार्यालय कान्तिबजार, महोत्तरी | |
|---|---|
| ऋणीको नाम : ठकनी देवी<br>नागरिकता प्रमाण पत्र नं.१८२०६६/३५१<br>ना.प्र.प. जारी मिति :२०६९/०६/२० महोत्तरी<br>पतिको /बुवाको नामः लाल बाबु राय<br>ससुरा /बाजेको नाम : अनुप राय यादव<br>स्थायी ठेगान : सोनमा -८ फुलकाहा महोत्तरी | ऋणीको नाम : इस्कुला खातुन<br>नागरिकता प्रमाण पत्र नं.८०३०६९/४०५<br>ना.प्र.प. जारी मिति : २०६३/१०/२२ महोत्तरी<br>पतिको /बुवाको नामः मुतिम अंसारी<br>ससुरा /बाजेको नाम : ईसलाम अंसारी<br>स्थायी ठेगान : सोनमा -८ फुलकाहा महोत्तरी |
| ऋणीको नाम : रुनु कुमारी देवी<br>नागरिकता प्रमाण पत्र नं.१८२०६९/३४७९<br>ना.प्र.प. जारी मिति : २०७४/१०/२२ महोत्तरी<br>पतिको /बुवाको नामः राम पुकार महतो<br>ससुरा /बाजेको नाम : बुधु महतो<br>स्थायी ठेगान : गौशाला न.पा. १० लक्ष्मीनियाँ,महोत्तरी | ऋणीको नाम : सुन्दर कुमारी देवी<br>नागरिकता प्रमाण पत्र नं.१८३०६८/१२५१<br>ना.प्र.प. जारी मिति : २०६३/१२/२७ महोत्तरी<br>पतिको /बुवाको नामः नवल किशोर यादव<br>ससुरा /बाजेको नाम : लटु यादव<br>स्थायी ठेगान : गौशाला न.पा. १० लक्ष्मीनियाँ,महोत्तरी |
| ऋणीको नाम : जसोधिया देवी<br>नागरिकता प्रमाण पत्र नं. १०३०५३/९३०<br>ना.प्र.प. जारी मिति : २०६३/१०/१२ महोत्तरी<br>पतिको /बुवाको नामः राम आधार राय यादव<br>ससुरा /बाजेको नाम : रामसेवक राय यादव<br>स्थायी ठेगान : सोनमा -७ सुन्दरपुर,महोत्तरी | ऋणीको नाम : पवन देवी महरा<br>नागरिकता प्रमाण पत्र नं. १८३०५३/८३८<br>ना.प्र.प. जारी मिति : २०६३/१०/१२ महोत्तरी<br>पतिको /बुवाको नामः बुधन महरा<br>ससुरा /बाजेको नाम : राम दयाल महरा<br>स्थायी ठेगान : सोनमा - ७ सुन्दरपुर, महोत्तरी |
| ऋणीको नाम : सोमिन्त्रा महरा<br>नागरिकता प्रमाण पत्र नं.१८२०५०/३१९८<br>ना.प्र.प. जारी मिति :२०७४/१२/२२ महोत्तरी<br>पतिको /बुवाको नामः फेकुराम चमार<br>ससुरा /बाजेको नाम : डोमा महरा<br>स्थायी ठेगान : सोनमा -७ सुनदरपुर, महोत्तरी | ऋणीको नाम : शैल देवी चमैन<br>नागरिकता प्रमाण पत्र नं.१९३०६३/५४८<br>ना.प्र.प. जारी मिति :२०७५/१२/२२ महोत्तरी<br>पतिको /बुवाको नामः सिरीया महरा चमार<br>ससुरा /बाजेको नाम : मौजी महरा चमार<br>स्थायी ठेगान : सोनमा -७ सुन्दरपुर, महोत्तरी |
| ऋणीको नाम : दिला देवी<br>नागरिकता प्रमाण पत्र नं.१९१०४५/२२<br>ना.प्र.प. जारी मिति : २०६४/०५/३१ सर्लाही<br>पतिको /बुवाको नामः रामपृत महतो<br>ससुरा /बाजेको नाम : महावीर महतो कोईरी<br>स्थायी ठेगान : पर्सा -७ पर्सा, सर्लाही | ऋणीको नाम : दुःखनी देवी<br>नागरिकता प्रमाण पत्र नं.१८३०६८/३७७<br>ना.प्र.प. जारी मिति : २०६३/१२/२८ महोत्तरी<br>पतिको /बुवाको नामः चन्देश्वर महतो<br>ससुरा /बाजेको नाम : बुधु महतो<br>स्थायी ठेगान : गौशाला -१० लक्ष्मीनियाँ, महोत्तरी |
| ऋणीको नाम : तेतरी कुमारी मण्डल<br>नागरिकता प्रमाण पत्र नं.१९-०१-७६-०५७९१<br>ना.प्र.प. जारी मिति : २०७६/०४/७६ सर्लाही<br>पतिको /बुवाको नामः फेकु मरर खत्वे<br>ससुरा /बाजेको नाम : सिताराम मरर<br>स्थायी ठेगान : हरिपूर्वा-९ बगेवा,सर्लाही | ऋणीको नाम : सुनिता कुमारी देवी<br>नागरिकता प्रमाण पत्र नं.१८२०६९/३२४८<br>ना.प्र.प. जारी मिति :२०७४/०९/०९ महोत्तरी<br>पतिको /बुवाको नामः श्रवण कुमार महतो<br>ससुरा /बाजेको नाम : जोगिन्द्र महतो<br>स्थायी ठेगान : गौशाला -११ ब्लगाछी, महोत्तरी |
| ऋणीको नाम : अपसना खातुन यादव<br>नागरिकता प्रमाण पत्र नं.१०-०१-७५-१३३८०<br>ना.प्र.प. जारी मिति : २०७५/१२/२४ सर्लाही<br>पतिको /बुवाको नामः उत्तम लाल राय<br>ससुरा /बाजेको नाम : रिझन राय<br>स्थायी ठेगान : पर्सा-७ पर्सा , महोत्तरी | ऋणीको नाम : सुनिता देवी<br>नागरिकता प्रमाण पत्र नं.१९१०/७४९<br>ना.प्र.प. जारी मिति : २०६८/१०/१२ सर्लाही<br>पतिको /बुवाको नामः विन्देश्वर महतो<br>ससुरा /बाजेको नाम : दोरिक महतो<br>स्थायी ठेगान : पर्सा-७ पर्सा, सर्लाही |

| शाखा कार्यालय : देवपुरा,धनुषा | |
|---|---|
| ऋणीको नाम : कालिन्दी कुमारीकर्ण<br>नागरिकता प्रमाण पत्र न १२७२६५९३<br>ना.प्र.प. जारी मिति : २०५९/०४/३१ धनुषा<br>पतिको /बुवाको नामः सुनिल कुमार लाल कर्ण<br>ससुरा /बाजेको नाम : नवल किशोर कर्ण<br>स्थायी ठेगान : जनकपुर उ.म.न.पा - ८ जनकपुर धनुषा | ऋणीको नाम : सन्ज ु झा<br>नागरिकता प्रमाण पत्र न १०२८२८०२<br>ना.प्र.प. जारी मिति : २०६०/०७/२६ धनुषा<br>पतिको /बुवाको नामः विधानन्द झा<br>ससुरा /बाजेको नाम : गौरी कान्त झा<br>स्थायी ठेगान : जनकपुर उ.म.न.पा.- ४ मुरली चौक धनुषा |
| ऋणीको नाम : राधा देवी पासमान<br>नागरिकता प्रमाण पत्र न १७-०१-७३-१३२५५<br>ना.प्र.प. जारी मिति :२०७३/११/१९ धनुषा<br>पतिको /बुवाको नामः राजेश पासमान<br>ससुरा /बाजेको नाम : शिव शंकर पासमान<br>स्थायी ठेगान : नगराई न.पा.-८ अकौरा ,धनुषा | ऋणीको नाम : ललितिया देवी<br>नागरिकता प्रमाण पत्र न १७०३०७७/४१<br>ना.प्र.प. जारी मिति : २०६४/०१/०१ धनुषा<br>पतिको /बुवाको नामः राजु पासमान<br>ससुरा /बाजेको नाम : लटु पासमान<br>स्थायी ठेगान : नगराईन न.पा.-८ अकौरा,धनुषा |
| ऋणीको नाम : श्रीमति शैल देवी दास<br>नागरिकता प्रमाण पत्र न १७१०८८/२२१<br>ना.प्र.प. जारी मिति : २०६६/१२/२० धनुषा<br>पतिको /बुवाको नामः छेदी दास तत्मा<br>ससुरा /बाजेको नाम : झपासी दास तत्मा<br>स्थायी ठेगान : नगराईन न.पा.-८ अकौरा धनुषा | ऋणीको नाम : जिबछी देवी दास<br>नागरिकता प्रमाण पत्र न १७१०७७/७५९<br>ना.प्र.प. जारी मिति : २०७०/०२/२७ धनुषा<br>पतिको /बुवाको नामः भोगेन्द्र दास<br>ससुरा /बाजेको नाम : राम नारायण दास<br>स्थायी ठेगान : नगराईन न.पा.-८ अकौरा, धनुषा |
| ऋणीको नाम : सोधिरा देवी दास<br>नागरिकता प्रमाण पत्र न १७-०१-७६-००७५३<br>ना.प्र.प. जारी मिति : २०७६/०१/१५ धनुषा<br>पतिको /बुवाको नामः सरोज कुमार दास<br>ससुरा /बाजेको नाम : चन्देश्वर दास<br>स्थायी ठेगान : नगराईन न.पा.-८ अकौरा, धनुषा | ऋणीको नाम : गुडिया देवी पासमान<br>नागरिकता प्रमाण पत्र न १७-०१-७१-००१३४<br>ना.प्र.प. जारी मिति :२०७४/०१/०६ धनुषा<br>पतिको /बुवाको नामः रामगोविन्द पासमान<br>ससुरा /बाजेको नाम : वकिल पासमान<br>स्थायी ठेगान : नगराईन न.पा.-८ अकौरा, धनुषा |
| ऋणीको नाम : नगिना खातुन<br>नागरिकता प्रमाण पत्र न १७११०२/१०१७३<br>ना.प्र.प. जारी मिति : २०७३/०३/३१ धनुषा<br>पतिको /बुवाको नामः जलाउदिन राईन<br>ससुरा /बाजेको नाम : रजाक कवाडी<br>स्थायी ठेगान : जनकपुर उ.प.न.पा.-८ रहिमपथ,धनुषा | ऋणीको नाम : मिना देवी ठाकुर<br>नागरिकता प्रमाण पत्र न ६०८०<br>ना.प्र.प. जारी मिति :२०६१/०१/२४ धनुषा<br>पतिको /बुवाको नामः अमरेश ठाकुर<br>ससुरा /बाजेको नाम : नन्द ठाकुर<br>स्थायी ठेगान : जनकपुर उ.म.न.पा.-२४ बसहिया,धनुषा |


## जनहितमा जारी सन्देश

बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं । उमेर नपुगी विवाह सामाजिक र कानुनी अपराध हो । त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय हुने कानुनी व्यवस्था छ ।

**टुडेखोज मिडिया प्रा.लि.द्धारा प्रकाशित टुडेखोज दैनिकका लागि सम्पादक** : सन्तोष कुमार यादव, **सह-सम्पादक** : जयनाथ यादव, **सल्लाहकार** : अर्जुन थपलिया र दिनेश देव **कार्यालय** : औरही गाउँपालिका ५, सिरहा । **सम्पर्क** : ९८०२८३४८३४ र ९८०७७००२८२ । **इमेल** : todaykhoj@gmail.com **मुद्रक** : आयुषमान अफसेट प्रेस लहान